**बर्दिबास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बर्दिबास महोत्तरी**
**स्थापना २०७३**

**बर्दिवास नगरपालिकाको मोडेल एग्रो भिलेजमा रहेका निर्माणाधीन पोखरीको डयाम हटाउदा निस्कने ढुंगा,गिटी,बालुवा ग्राभेल उत्खनन,संकलन तथा बिक्री आय ठेक्काको लागि बोलपत्र आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक बोलपत्र प्रकाशित मिति:२०७८।०८।०१३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११को घ(६),दफाको ६२क.को (१),ढुंगा,गिट्टी तथा बालुवा उत्खनन,विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७को दफा ३को(ग),र नगरसभाले तोकिएको दररेटमा र नगर कार्यपालिका बोर्डको मिति २०७८।०२।१८को निर्णय बमोजिम आ.ब. २०७८/०७९ मा तपशिलमा उल्लेखित मोडेल एग्रो भिलेजमा रहेका निर्माणाधीन पोखरीको डयाम हटाउदा निस्कने ढुंगा,गिटी,बालुवा ग्राभेल उत्खनन तथा संकलन गरी बर्दिबास नगरपालिकाले तोकिएको दरमा विक्री गर्ने आय ठेक्का ठेक्का सम्झौता भएको मितिले १ (एक )माहिना सम्मको लागी गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनिहरुले फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र,मुल्य अभिविद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| सं. | बोलपत्र नं. | ठेक्का । बोलपत्रको नाम | ठेक्का अवधि | कुल परिमाण (घ.मी.) | न्यूनतम कबोल अंक ( मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | 16/NCB/ Bardibas /078/079 | बर्दिवास नगरपालिकाको मोडेल एग्रो भिलेजमा रहेका निर्माणाधीन पोखरीको डयाम हटाउदा निस्कने ढुंगा, गिट्टी, बालुवा एवं ग्राभेल उत्खनन, संकलन तथा बिक्री गर्ने सम्बन्धी ठेक्का | सम्झौता भएको मिति देखि १महिना सम्म कायम हुने | ७१,४६८.८५घ.मी. | १,००,८८,५४२।८७ (एक करोड अठासी हजार पाच सय बयालीस पैसा सतासी मात्र | कबोल अंकको ५ प्रतिशत | ३०००।- |

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र,मुल्य अभिवृदि कर दर्ता प्रमाणपत्र,आ.व.२०७७।०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर कृषि विकास बैंक लि.शाखा कार्यालय बर्दिबासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बर्दिबास ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा नगद जम्मा गरेको नगद भौचर साथ एवं धरौटी बापतको रकम कृ.वि.बैंक लि. बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन म्याद रहेको बैंक जमानत पत्र(Unconditional Bid Bond) पत्र साथ यो सूचना प्रथम पटक प्रकाशीत भएको मितिले १५औं दिनको कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको कृ.वि.बैंक बर्दिबासमा रहेको आन्तरिक राजश्व खाता बर्दिबास ग–१–१ खाता नं. १००६३०११४९१२८१०५ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र खरीद तथा पेश गर्ने अन्तिम मिति दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि वा लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
२. बोलपत्र संम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पस्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

३. आफुले कबोल गरेको अंकका ५ प्रतिशतको दरले हुन आउन धरौटी रकम यस कार्यालयको कृ.वि.बैंक लि.बर्दिबास शाखामा रहेको धरौटी खाता ग–३–१ खाता नं. १००६३०११४९१२८०६७मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त मान्यता प्राप्त. बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

४. खरिद गरिएको बोलपत्र फारमहरुका उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा टेन्डर प्रति दर्ता गर्नु पर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

६. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै, बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

७. प्रि-बिड बैठक सुचना प्रकाशन भएको ७(औ) दिनमा दिनको १२ बजे बर्दिबास नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

८. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेखित गरिएको हुदा बोलपत्र पुस्तिका डाउनलोड गरी अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

९. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको वा घरदैलोमा सुचना टास भएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाण पत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त.बैंकबाट यस कार्यालयको नाममा २०७८साल चैत्र मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टि (परफरमेन्स बन्ड ) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । बाँकी रकमको हकमा ठेक्का अवधि समाप्त पश्चात बैंक ग्यारेन्टि (परफरमेन्स बन्ड )बाट असुल उपर गर्न प्रकृया प्रारम्भ गरिनेछ ।

१२. साथै बोलपत्र कबुल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मु.अ.कर(VAT), आयकर तथा अन्य कर बोलपत्रदाताले नेपाल सरकारलाई सम्बन्धित निकाय मार्फत छुट्टा छुट्टै बुझाउन पर्नेछ ।

१३. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरीने छ ।

१४. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार सन्चालन ऐन२०७४,ढुंगा,गिटी तथा बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड२०७७ तथा ढुंगा,गिट्टी तथा बालुवा उत्खनन तथा संकलन सम्बन्धि स्थानीय तहबाट जारी भएका बर्दिबास नगर कृषि कार्यक्रम सम्बन्धी तथा अन्य कानुन,प्रदेश कानून,संघीय कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको पोखरीको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन २०७७ यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१५. अन्य कार्यविधी ,मापदण्ड ,सार्वजनिक खरिद ऐन २०६३ ,सार्वजनिक खरिद नियमावली २०६४ दशौ संशोधन सहित तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१६. ठेक्का सूचनाको विस्तृत विवरण बर्दिबास नगरपालिका,नगर कार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गरिएको र कार्यालयको वेवसाइट www.bardinasmun.gov.np मा राखिएको छ । साथै विस्तृत जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।